स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत वर्ष सर्वाधिक फिल्म रिलिजको 'रेकर्ड' अभिनेता दयाहाङ राईको नाम रह्यो । कूल ९ वटा फिल्म प्रदर्शन भएका थिए । लगभग यही संख्यामा छायांकन पनि गरे । तर, फिल्मको संख्यात्मक वृद्धिले दर्शक भड्किने अवस्था आएपछि उनले गत चैतदेखि न नयाँ फिल्म साइन गरे न छायांकनमा जोडिए । बरु यो बीचमा प्रदर्शन भएका आषना फिल्मको प्रचारमा समय दिए । विदेश पनि घुमे ।

**आजको विचार...**



कपिल अर्याल

शैक्षिक...
(दुई पेजमा)



संविधान दिवसको अवसर पारेर आगामी असोज ३ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'खुस्मा'को पहिलो रोमान्टिक गीत 'खुशीका फूल बटुलेर' युट्युबमार्फत् सार्वजनिक गारिएको छ । गीत कर्णप्रिय सुनिन्छ । सुरेन्द्र राईको कोरियोग्राफीमा तयार भएको गीतमा फिल्मका मुख्य अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरी फिचर्ड छन् । गीतमा उनीहरुबीच फक्रिएको प्रेम देखाइएको छ । गीतमा पूर्वी रुकुमका सुन्दर दृश्यहरु कैद छन् ।

❐ वर्ष ३० ❐ अंक ३ ❐ २०८१ साउन ३ गते बिहीबार 18 July 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### बर्षा र असिनाका कारण ३५ जनाको मृत्यु

**(रासस /एएनआई)**

**काबुल(अफगानिस्तान)**, साउन २/अफगानिस्तानको जलालाबाद सहर र नङ्गरहार प्रान्तको छेउछाउका क्षेत्रमा परेको भारी वर्षा र असिनाको कारण कम्तीमा ३५ जनाको ज्यान जानुका साथै २३० जना घाइते भएको खामा प्रेसले जनाएको छ । नङ्गरहारको सूचना तथा संस्कृति विभागले घटनामा नङ्गरहारका विभिन्न जिल्लामा मानिसहरुको ज्यान गएको पुष्टि गरेको छ । विभागको रिपोर्ट अनुसार मृतक तथा घाइतेलाई उद्धार गरी नङ्गरहार केन्द्रीय तथा प्रान्तीय अस्पतालमा लगिएको छ । प्रारम्भिक रिपोर्टहरूले लगभग ४०० घरहरू ध्वस्त भएको संकेत गरेका छन्, जसले बासिन्दा र व्यवसायलाई आर्थिक क्षति पुर्‍याएको छ । यद्यपि, स्थानीय अधिकारीहरूले तथ्याङ्क अझ बढ्न सक्नबताएको खामा प्रेसले जनाएको छ ।प्राकृतिक प्रकोप पछि, प्रभावित समुदायमा तत्काल प्रभाव कम गरी उनीहरूको पुन:स्थापनाका लागि आवश्यक सहयोग प्रदान गर्ने कार्यहरू भइरहेको स्रोतले जनाएको छ । तीव्र वर्षा र असिनाबाट भएको विनाशले प्रभावित मानिसको पीडा कम गर्न तथा क्षतिग्रस्त पूर्वाधार पुन:स्थापना गर्न ठोस राहत उपायहरूको आवश्यकतालाई औल्याएको छ । खामा प्रेसका अनुसार प्रभावित परिवार तथा समुदायको समर्थनमा जोड दिँदै अधिकारीहरूले उद्धार र पुन : प्राप्ति प्रयास जारी राखेका छन् भने आवश्यक सहयोग प्राप्त गर्न सुनिश्चित गर्नमा ध्यान केन्द्रित गरिरहेका छन् ।

## साउने रौनक

# मेहन्दी र हरियो चुरामा युवतीहरुको बढ्दो मोह

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन २/साउन सुरु भएसँगै तानसेन भगवती टोलकी मनिषा आलेले दुबै हातका पाखुराभरी हरिया चुरा लगाइन । चुरा मात्रै होइन उनले दुबै हत्केलामा बुट्टेदार मेहन्दी पनि लगाएकी छन् । आमा, दिदीहरुले गर्दै आएको परम्परालाई निरन्तरता दिएको उनले बताइन् । 'हरियो रंग, प्रेम र वातावरणको प्रतिक मानिन्छ, हत्केलामा जति बढी गाढा मेहेन्दीको रंग राख्यो, उति नै बढी श्रीमानको माया पाइन्छ भन्ने धार्मिक विश्वास पनि छ,' खै साउनमा हरियो चुरा लगाउँदा चिताएको पुग्छ भन्छन् ।' उनले जस्तै बगनासकाली खानेगाउँकी नारायणी गाहाले पनि हातमा चुरा र मेहन्दी लगाएकी छन् । साउनमा हरियो लगाउने र सोमबार व्रत बस्ने चलनलाई आफुले पनि पछ्याएको उनले बताईन् । गाहाले भनिन् 'यो लगाउँदा के हुन्छ भन्ने त थाहा छैन, साउन महिनाभरि सबैले लगाउने गरेको हुँदा मैले पनि लगाएँ ।'

माथागढी घर भई अध्ययनको लागि तानसेनमा कोठा भाडामा बस्दै आएकी रुपा रेस्मी तेस्रो सडकस्थित पोते



**तानसेनको तेस्रो सडकस्थित कस्मेटीक पसलमा चुरा,पोते र मेहेन्दी किन्दै युवतीहरु । तस्वीर : संगीता आचार्य/एनजेडी**

पसलमा हरियो पोते रोज्दै थिइन् । साउन ५ गते उनको आमाको जन्मदिन परेको हुँदा आमालाई उपहार दिन पोतेको छनोट गर्दै थिइन् । उनी भन्छिन्,' आमालाई जन्मदिनमा हरियो पोते उपहार लैदिउँ भनेको, कस्तो खालको पोते लैजाउ क्न्फ्युज भए ।' उनले सँगै गएकी साथीको सल्लाह अनुसारको पोते किनिन् । हरियो पोते पहिलो पटक किन्न आएको उनले बताइन् । 'आमालाई सौभाग्यको समान दिएर, सर्प्राइज दिने योजनामा छु' उनले हाँस्दै भनिन् ।

आले र गाहा मात्रै हैन अधिकांश युवतीहरूको हत्केलामा मेहन्दी र पाखुरामा हरियो चुरा देखिन थालेको छ । धेरैलाई सामान्य जानकारी भए पनि अहिलेका नयाँ पुस्तामा भने अर्काको देखासिकी गरेर साउनमा मेहन्दी र हरियो चुरा लगाउने मोह बढेको छ । साउनभरि हरियो, पहेंलो, रातो रंगका पहिरन, चुरापोते, मेहन्दी लगाउने युवतीहरु बढ्दै गएका छन् । साउन लागेसँगै सदरमुकाम तानसेन र आसपासका बजारका कस्मेटिक पसलमा समेत युवतीहरुको भरिभराउ देखिन्छरु। पछिल्लो समय चुरा र महेन्दीलगायत शृङ्गारका सामानको बिक्री बढेको तानसेनमा कस्मेटिक्सक सञ्चालन गर्दै आएकी अलिना महमोदको भनाइ छ । अरू बेलाभन्दा अहिले यस्ता सामग्रीको कारोबार बढेको छ, उनले भनिन्, 'साउनभरि यस्तै सामग्रीको मात्र माग हुन्छ ।' यो महिना हरियो चुरा र महेन्दी नलगाउने महिला तथा युवती भेटिँदैन । साउनको सुरुवातसँगै महिलामा छुट्टै उत्साह र उमंग छाएको पाइन्छ ।

स-साना बालिका, युवती हुन् या वृद्ध महिला, यतिवेला अधिकांश महिला हरियो र पहैँलो कपडामा सजिएको देखिन्छ । उनीहरूको नाडीमा हरिया, पहैँला चुरा र हातमा मेहेन्दी हुन्छ ।

## विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुन:स्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,

-पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं, बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# अशक्तलाई घरमै पुगेर नागरिकता प्रदान

**गुल्मी,**साउन २/गुल्मीमा अपाङ्ता भएका व्यक्तिलाई उनीहरुको घरमै पुगेर नागरिकता प्रदान गर्न थालिएको छ । अपाङ्ता भएका धुर्कोट गाउँपालिका-१ स्थित नयाँगाउँका १७ वर्षीय अन्मुल घर्तीलाई प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले उनकै घरमै पुगेर नागरिकता प्रदान गरेका हुन् ।

जिल्ला प्रशासन कार्यालयले पछिल्ले समय जिल्लामा अशक्त र अपाङ्ता भएका व्यक्तिलाई घरमै पुगेर सेवा प्रवाह गर्ने अभियान सञ्चालन गरिरहेको प्रजिअ शर्माले जानकारी दिए । 'हामीले हरेक पालिकामा पुग्दा त्यहाँका जनप्रतिनिधिलाई त्यस्ता प्रकारका अशक्त र अपाङ्ता भएका व्यक्ति भएमा जानकारी गराउनु होला, हामी घरमै आएर सेवा प्रवाह गर्छौं भनेका छौं,' उनले भने । अपाङ्ता र अशक्त भएका व्यक्तिलाई नागरिकता लिनका लागि जिल्ला प्रशासन कार्यालयसम्म आउन समस्या हुने र आर्थिक भार समेत थपिने भएकाले उनीहरुलाई कार्यालयबाट कर्मचारी



घरमै पुगेर नागरिकता प्रदान गरिने व्यवस्था मिलाइएको प्रजिअ शर्माले बताए । अन्मुलका बुबाले छोराको समस्याको बारेमा जिल्ला प्रशासन कार्यालयमा आएर गुनासो पोखेपछि प्रजिअ शर्माले घरमै पुगेर नागरिकता दिने प्रतिवद्धता जनाएका थिए । आफुले गुनासो राखेपछि मंगलबार घरमै आएर छोरालाई विस्तारामै नागरिकता दिँदा आफूहरु निकै खुसी बनेको अन्मुलका बुबा ध्रुव घर्तीले बताए । 'यत्ति कामका लागि यो छोरालाई तम्घास लैजान ल्याउन कति समस्या हुन्थ्यो, अहिले घरमै आएर, नागरिकता दिनुभयो, हामीलाई त भगवान आएजस्तै भयो,' घर्तीले भने । स्वस्थ नै जन्मिएका अन्मुल जन्मेको चार दिनपछि कमलपित्तका कारण अपाङ्ता हुनुपरेको बताइएको छ । अपाङ्ता भएपछि अन्मुल १७ वर्षदेखि ओछ्यानमै छन् । उनी बोल्न र केही गर्न सक्दैनन् । उनको हेरचार र स्याहार सुसारका लागि परिवारलाई नियमित रुपमा खटिरहनुपर्ने बाध्यता छ । धुवको तीन सन्तानमध्य उनी माइलो सन्तान हुन । बृद्ध हुनलागेका बाबुआमा यतिबेला त्यही छोरालाई हेर्दै आफ्नो जीवन कटाइ रहेका छन् । जिल्ला प्रशासन कार्यालयले यसअघि पनि जिल्लाको रेसुङ्गा, मुसिकोट, ईस्मा लगायतका पालिकाहरुमा पुगेर यस्तै प्रकारको सेवा प्रदान गरेको थियो । प्रशासनले जिल्लामा विपद् प्रभावितलाई परिवारहरुलाई पनि घरमै पुगेर राहत उपलब्ध गराउने व्यवस्था मिलाएको प्रजिअ शर्माले बताए । **-रासस**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## पानीजन्य रोगबाट बचौं

वर्षाको समय भएकाले पानीका मुहानहरु दूषित हुने सम्भावना बढी रहेको छ । वर्षाद्का कारण पानीको मुहानहरुमा फोहोर पानी प्रवेश गरेर दूषित हुने गर्दछ । यस्तो दूषित पानी पिउनाले विभिन्न रोगहरु लाग्ने गर्दछ । दूषित पानी प्रयोग गर्दा बान्ता हुने, पेट दुख्ने, झाडापखाला, हैजा, टाइफाइड जस्ता रोगहरु लाग्न सक्छ ।

कसैकसैमा दिसामा आउँ पर्ने, रगत देखिने र कसैकसैलाई ज्वरो आउनेसमेत हुन्छ । झाडापखाला, टाइफाइड,जण्डिस गराउने भाइरस (हेपाटाइटिस) पनि पानीकै कारणले हुने गर्छ । यस्ता पानीजन्य संक्रमण रोगहरुको जोखिम बढी हुने भएकाले खानपिन तथा सरसफाइमा विशेष ध्यान दिनुपर्छ । यस्तो अवस्थामा पानीलाई सकेसम्म उमालेर पिउने, यदि त्यस्तो सम्भावना नभएमा पीयूष तथा अक्वा ट्याब्सजस्ता क्लोरिन हाली उमालेर खानुपर्दछ । यति मात्र नभई बर्सादको समयमा खानेकुरा राम्रोसँग पकाएर खाने र उमालेको पानीलाई सफा भाँडोमा छोपेर राखी आवश्यकताअनुसार पिउने गर्नुपर्छ । यसका साथै बासी खानेकुराहरु समेत खानुहुँदैन । त्यस्तै सागसब्जी, फलफूल पनि राम्रोसँग धोएर मात्र खानुपर्छ । दिसापिसाब शौचालयमा नै गएर गर्ने, सरसफाइमा ध्यान दिनेजस्ता विषयमा पनि जनचेतना हुनुपर्छ । विद्यार्थीको स्वास्थ्य सुरक्षाका लागि विद्यालयमा पनि पिउने पानी र खाजाका साथै ट्वाइलेट जाँदा हात धुने साबुन–पानीको व्यवस्था हुनुपर्छ । यसै गरी सार्वजनिक शौचालय र अस्पतालका शौचालयहरुमा समेत सरसफाइका लागि पानी–साबुनको व्यवस्था अनिवार्य हुनुपर्छ । अस्पतालका वार्डहरुमा राखिएका खुल्ला बाल्टिनलगायतका डस्टबिनमा फालेका फोहोर, खानेकुरा, डाइपर, ग्लोब्स, प्याडजस्ता सामग्री कुकुरले छर्ने र यत्रतत्र फैलाउने गरेको देखिन्छ । यस्तो फोहोरजन्य सामग्रीको व्यवस्थापनमा अस्पताल व्यवस्थापनले पनि ध्यान दिनुपर्छ ।

सरसफाइमा पर्याप्त ध्यान नपुर्याइएका होटलहरूको खाना खानु हुन्न । खास गरी सडक छेउछाउ बेचिने खानेकुराबाट पनि हैजा फैलिएको देखिएकाले यसतर्फ पनि सबै सावधान रहनुपर्छ । यी कुराहरुमा पर्याप्त सावधानी नअपनाइए पानीजन्य अरू संक्रमण फैलने सम्भावना पनि त्यत्तिकै हुन्छ । सामान्य नियमको पालना ठीक तरिकाले गरिए मात्र पनि पानीजन्य रोगबाट बच्न सकिन्छ । मानिसको समान्य लापरवाहीले गर्दा पनि ठूलो समस्या नित्याउन सक्छ । तसर्थ यसतर्फ सबै सचेत हुन जरुरी छ ।

### Opinion @ Social Network

बिर्सिदेउ बितेका दिनहरु,
दिनरात रुदैंमा भाग्य परिवर्तन हुदैन नि साथी
*(रोसन ठकुरीको फेसबुक स्टाटसबाट www.facebook.com//Rosan.Thakuri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शैक्षिक चुनौती न्यूनीकरणमा जोड



## कपिल अर्याल

नेपालमा पछिल्लो समय शिक्षाको गुणास्तर खस्किएको छ । एकातर्फ नेपाली विद्यार्थी प्रवीणता तह उत्तीर्ण हुने बितिकै उच्च शिक्षा आर्जनका लागि वैदेशिक क्षेत्र जापान, द.कोरिया, भारत, अष्ट्रेलिया, अमेरिका, क्यानाडालगायत मुलुकमा पलाएन भएका छन् । यता, शिक्षाको अवस्था जिर्ण बन्दै गएको छ । सर्टिफिकेटमात्र उत्पादन गर्ने मुलुकको रुपमा परिचित हुँदै छौं हामी नेपाली । वर्तमान अवस्थामा शिक्षामा नयाँ चुनौती थपिएका छन्भन्दा अर्थको अनर्थ कदापी हुने छैन । नेपालमा आधुनिक शिक्षा विकासक्रमको इतिहास त्यति लामो छैन तथापि शिक्षाको महत्व र शिक्षा आर्जनका पूर्वाधार भने अपत्यारिलो ढंगबाट परिवर्तन भएको महसुस गर्न सकिन्छ । कुनै बेला विद्यालय स्थापन गर्नु ठूलो कुरा थियो । विद्यार्थीलाई विद्यालय पुऱ्याउनु अर्को चुनौती थियो । तत् पश्चात विद्यार्थीलाई विद्यालयमा टिकाउन ठूलो कुरा थियो तर यो करिबन ४०-५० वर्षको समयावधिमा नेपालको शिक्षा क्षेत्रले आमूल परिवर्तन गरिसकेको छ । देशैभर विभिन्न विधाका विद्यालय स्थापना भएका छन् तर विडम्बना भन्नुपर्छ नेपालको शिक्षा प्रणालीलाई आर्थिक रूपान्तरणसँग व्यवस्थित गर्न नसक्नुले आज शिक्षा क्षेत्र चुनौतीमा परेको छ । विद्यालयमा विद्यार्थीको अनुपात क्रम घट्दोक्रममा रहेको शैक्षिक वर्षको तथ्यांकले देखाउँछ । गत वर्षको एसइईको नतिजाले शिक्षाका जटिलतामात्र होइन शिक्षाको यथार्थ रूपलाई चित्रण गरेको छ । कलेज, युनिभरसिटीको अवस्था दयनीय छ । भविष्यका कर्णधार भनेर फलाक्ने हाम्रा आदर्शका मन्त्रहरू बेकार ठहरिएका छन् किनकी स्वदेशमा भन्दा विदेश पलायन हुनेको संख्या वृद्धि हुँदै गएको छ । पछिल्लो समयको यो अवस्था आउनुमा हामी सबै दोषीका भागीदार हौं । हाम्रो राज्य संयन्त्र, सरकारको अल्पज्ञान र अदूदर्शी नीतिका कारण नेपालको शिक्षा जगत संकटमा पर्दै गएको छ । शिक्षालाई श्रम र उत्पादनसँग नजोड्ने हो भने एकदिन विद्यालयहरू खाली हुनेछन् । शिक्षामा आइरहेका समस्यालाई हल गर्न तत्काल हामीसँग कुनै औजार छैन तर यसको नियन्त्रणका लागि उपाय जरुर हुन सक्छन् । त्यो मार्गमा सरोकारवाला एकजुट भएर लाग्नुपर्नेछ ।

*सूचना संचार र प्रविधिले ज्ञानको असिमितता र नयाँ शिक्षाको साम्राज्य खडा गरेको बेला हामी २०२८ सालकै सिक्षा नीतिमा अल्मलिनु दुर्भाग्यपूर्ण छ । अविलम्ब नयाँ शिक्षा नीति पारित गर्नुपर्दछ । काम, माम र दामसँगै अन्तर्राष्ट्रिय शिक्षा प्राप्त गर्न आजका युवा युवती इच्छुक छन् भन्ने कुरा हामीले बिर्सनु हुँदैन । विद्यार्थी किन विदेश पलायन भए भनेर समीक्षा गर्न सकिएन भने हामी गन्तव्य पत्ता लगाउन सक्दैनौं । तसर्थ प्रोबलम विथ सोलसुनको रणनीतिक गुरुयोजना आर्थिक, सामाजिक र राजनीतिक तवरबाट प्रगेल्न जरुरी छ । नेपाली समाजको वर्गीय निर्माणलाई शिक्षाको तुलनात्मक अवस्थासँग दाजेर हेर्ने हो भने निजी र सामुदायिक विद्यालयबीचको असमानताको पर्खाललाई भत्काएर समानताको समावेसी संस्था निर्माण गर्न जरुरी छ । अहिले नेपाली समाजको शैक्षिक अवस्था बिचलित हुनुको अमुक कारण भनेको मध्यम वर्गीय परिवारको उतारचढाव हो । यो अस्थामा राज्यको शिक्षा नीतिमा एकरूपता आउन सकेन भने यसले समाजको वर्ग विभाजनलाई हित गर्दछ, परिणामस्वरूप हेब्स नट ग्रुपहरू पलायनका लागि बाध्य हुनेछन् । तसर्थ शैक्षिक चुनौतीको हब नेपाललाई बन्न नदिन शिक्षाका सरोकारवाला निकाय गम्भीर भएर स्वदेशभित्र संभावना नदेखेका युवा युवतीलाई नेपालको शिक्षाले काम, माम र दामको व्यवस्था गर्दछ भन्ने खालको शिक्षा लागू गर्न जरुर छ । सीप, रोजगार र उत्पादनमूलक शिक्षा आजको आवश्यकता हो यसैमा दृढसंकल्प राख्नुपर्दछ । सामुदायिक विद्यालयका शिक्षकहरू पेशामा भन्दा गुणास्तरमा ध्यान पुऱ्याउन जरुर देखिन्छ । तलबको मात्र नुन सोझो प्रवृतिबाट माथि उठेर शिक्षा, विद्यार्थी र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि तदारुक हुन जरुरी छ । शिक्षाको पाठ्यक्रम आदर्शयुक्तभन्दा व्यावहारिक रूपमा परिवर्तन गरी आर्थिक रूपान्त्रण, उत्पादन र रोजगारीमा आधारित शिक्षा बनाउन सके शिक्षाका नवचुनौतीलाई व्यवस्थापन गर्न सबैमा सहज हुनेछ ।*

शिक्षकले कक्षाकोठामा कलम बलियो की तरबार बलियो भनेर पढाउने दिन गए अब त प्रश्न फेरिएको छ । नेपालीको मुखमा एउटै प्रश्न गुञ्जिरहेछ 'पैसा ठूलो कि शिक्षा' 'स्वदेशी शिक्षा कि विदेशी शिक्षा' यो वाक्यांस केवल विद्यार्थीमा मात्र लागू छैन विद्यालयमा, शिक्षक शिक्षिकामा, अभिभावक वर्गमा जताततै यही हरफ बलियो हुँदै गएको छ । यसले नेपाली समाजको समाजशास्त्रीय धरातलको प्रतिनिधित्व गर्दछ । तसर्थ शिक्षा सुधार्नु अगावै समाजका अभयव शुद्धीकरण गर्न आवश्यक छ । सूचना संचार र प्रविधिले ज्ञानको असिमितता र नयाँ शिक्षाको साम्राज्य खडा गरेको बेला हामी २०२८ सालकै सिक्षा नीतिमा अल्मलिनु दुर्भाग्यपूर्ण छ । अविलम्ब नयाँ शिक्षा नीति पारित गर्नुपर्दछ ।

काम, माम र दामसँगै अन्तर्राष्ट्रिय शिक्षा प्राप्त गर्न आजका युवा युवती इच्छुक छन् भन्ने कुरा हामीले बिर्सनु हुँदैन । विद्यार्थी किन विदेश पलायन भए भनेर समीक्षा गर्न सकिएन भने हामी गन्तव्य पत्ता लगाउन सक्दैनौं । तसर्थ प्रोबलम विथ सोलसुनको रणनीतिक गुरुयोजना आर्थिक, सामाजिक र राजनीतिक तवरबाट प्रगेल्न जरुरी छ । नेपाली समाजको वर्गीय निर्माणलाई शिक्षाको तुलनात्मक अवस्थासँग दाजेर हेर्ने हो भने निजी र सामुदायिक विद्यालयबीचको असमानताको पर्खाललाई भत्काएर समानताको समावेसी संस्था निर्माण गर्न जरुरी छ ।

अहिले नेपाली समाजको शैक्षिक अवस्था बिचलित हुनुको अमुक कारण भनेको मध्यम वर्गीय परिवारको उतारचढाव हो । अर्को अर्थमा हेब्स र हेब्स नटबीचको अन्तरसंर्घष पनि हो । यो अस्थामा राज्यको शिक्षा नीतिमा एकरूपता आउन सकेन भने यसले समाजको वर्ग विभाजनलाई हित गर्दछ, परिणामस्वरूप हेब्स नट ग्रुपहरू पलायनका लागि बाध्य हुनेछन् । तसर्थ शैक्षिक चुनौतीको हब नेपाललाई बन्न नदिन शिक्षाका सरोकारवाला निकाय गम्भीर भएर स्वदेशभित्र संभावना नदेखेका युवा युवतीलाई नेपालको शिक्षाले काम, माम र दामको व्यवस्था गर्दछ भन्ने खालको शिक्षा लागू गर्न जरुर छ । सीप, रोजगार र उत्पादनमूलक शिक्षा आजको आवश्यकता हो यसैमा दृढसंकल्प राख्नुपर्दछ । सामुदायिक विद्यालयका शिक्षकहरू पेशामा भन्दा गुणस्तरमा ध्यान पुऱ्याउन जरुर देखिन्छ । तलबको मात्र नुन सोझो प्रवृतिबाट माथि उठेर शिक्षा, विद्यार्थी र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि तदारुक हुन जरुरी छ । शिक्षाको पाठ्यक्रम आदर्शयुक्तभन्दा व्यावहारिक रूपमा परिवर्तन गरी आर्थिक रूपान्त्रण, उत्पादन र रोजगारीमा आधारित शिक्षा बनाउन सके शिक्षाका नवचुनौतीलाई व्यवस्थापन गर्न सबैमा सहज हुनेछ ।

**-इहिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन जानेछ । | **तुला** : मिष्ठान्न भोजन प्राप्ति होला । साथीको भेटघाटले मन प्रफुल्ल रहला । |
| **वृष** : विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । | **वृश्चिक** : कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला । |
| **मिथुन** : ज्ञान सिक्ने मौका मिल्नेछ । कार्यसिद्धि हुने अवसर मिल्नेछ । | **धनु** : विशिष्ट व्यक्तिबाट पुरस्कार तथा हौसला प्राप्त हुनेछ । |
| **कर्कट** : प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । सामान हराउन सक्छ । | **मकर** : आफन्तसँग रमाइलो भेटघाट हुनेछ ।मनोरञ्जनमा सहभागी भईएला । |
| **सिंह** : काममा लाभदायक यात्रा रहनेछ । नयाँ कार्य थालनी होला । | **कुम्भ** : महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कन्या** : विद्या र बुद्धिको विकास हुनेछ, प्रेम र मित्रताको बन्धन कसिनेछ । | **मीन** : रोजगारको अवसर मिलनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |




बाल कथा

# नमागिएको सुझाव दिन खोज्दा...

नबोलाएको स्थानमा जानु र नमागिएको सल्लाह वा सुझाव दिनु दुवै उस्तै हो । दुवैको अवस्था करिब उस्तै हुन्छ । न इज्जत पाइन्छ न महत्त्व नै रहन्छ । त्यस्तै परे सोच्दै नसोचेको दुर्घटना निम्तिन समेत बेर लाग्दैन । त्यसैले बुढापाकाहरू भन्छन् जानु पनि त्यहीँ पर्छ, जहाँ बोलाइएको छ, सल्लाह वा सुझाव पनि उसैलाई दिनुपर्छ जसले मागेको छ वा जसले त्यसलाई सदुपयोग गर्छ वा गर्न सक्छ । अन्यथा नदुखेको कपाल डोरी लगाएर दु:खाउनु जस्तै हुनेछ । भाइबहिनीहरूको जानकारीका लागि तल एउटा त्यस्तै कथा प्रस्तुत गरिएको छ ।

धेरै पहिलेको कुरा हो । ठुलो जंगलको एउटा रुखमा भँगेराको भालेपोथी बस्थे । उनीहरूको जीवन सुखद थियो । आफ्नो प्रकृति र स्वभाव अनुसार सुखपूर्वक जीवन व्यतीत गर्दै आएका थिए । उनीहरूको सानो गुँड थियो, जुन उनीहरू आफैले दु:ख गरेर बनाएका थिए । दिनभर कहिले गाउँलेहरूका खेतबारीमा गएर चर्थे, कहिले गाउँलेहरूकै घर आँगनमा पुगेर चारो टिप्थे, कहिले जंगलकै आसपास घुमेर पेट भर्थे र साँझ गुँडमा फर्केर सुखपूर्व रात बिताउँथे । समय बित्दै गयो । यत्तिकैमा एक दिन साँझ उनीहरू बसेका रुखको हाँगोमा पानीले भिजेको बाँदर काम्दै आइपुग्यो । पुसको महिना थियो बिहानैदेखि सिमसिम पानी परेको । पुसको महिना यसै पनि चिसो हुन्छ । त्यसैमाथि दिनभरको सिमसिम पानीले गर्दा चिसो निकै बढेको थियो । छिमेकमा आएर बसेको जाडोले कामिरहेको बाँदरको अवस्था देख्दा दया लाग्यो र भालेले पोथीसँग भन्यो- 'भुन्टी हेर त ! छिमेकमा को बस्न आएको छ । हेर्दा त मानिस जस्तै छन् तर मानिसनै त पक्कै होइनन् होला । नत्र आफ्नो घर छाडेर काम्दै रुखको हाँगोमा बस्न किन आउँथे होला र । त्यसैले सहयोगबारे सोध्ने हो कि ?' भालेको कुरा सुनेर पोथीलाई मन परेन । उसले झर्किंदै भनी-

'चुप लागेर बस बुढा ! चिन्नु न जान्नु घचेटी माग्नु । हामीलाई कसले चासो दिएका छन् र हामीले दिनु । थोरै दुनियाँभरको चासोको ठेक्का लिइबसेका छौँ ।'

पोथीको कुरालाई भालेले प्रतिवाद गर्दै भन्यो-

'ल ! के कुरा गरेकी त्यस्तो ? साँझको बेला छ । आफ्नै दैलो अगाडि अतिथि जाडोले कामिरहेका छन् । हुन सक्छ भोका पनि पो छन् कि ? सोधखोज गर्नुपर्दैन ? यही त हो गृहस्थीधर्म भनेको ?'

भालेले गृहस्थीधर्म अनुसारकै कुरा गरेको भए पनि पोथी सहमत हुन सकिन र ठुस्केजस्तो गर्दै भनी-

'जे मन लाग्छ त्यही गर बुढा ! कम्तीमा म चाहिँ सहमत छैन । एक त नचिने प्राणी, अर्को उसले केही भनेकै छैन भने बेकारमा किन बढी जान्ने हुन खोज्ने ? हुन सक्छ मानिसले पठाएका कुनै जासुस पो हो कि हाम्रो चियो गर्न । कहाँ चाहिने भाँडाका छन् र यी मानिस । देख्ने बित्तिकै गुलेली ताक्छन् । बुझ्दै नबुझी अघि बढ्दा भरे अप्ठ्यारे पऱ्यो भने त्यसको जिम्मा कसले लिन्छ ?' पोथीको कुरा पनि आफैँमा गलत थिएन तर भालेले गृहस्थीधर्मलाई लत्याउन सकेन र ढोकामा आएर भन्यो-

'महोदय ! को हुनुहुन्छ । कहाँबाट आउनुभएको हो । भिजेर निथ्रुक्क हुनुभएको रहेछ । लाग्छ जाडोले राम्रै सताएको छ । केही सहयोग चाहिए भन्नुहोला है । अप्ठ्यारो मान्नुपर्दैन । सकेको सहयोग गर्नेछु ।'

भँगेराको कुरा बाँदरलाई मन परेन । उसलाई तत्कालै गएर मुखै चिथोरी दिउँ कि जस्तो पनि नलागेको होइन तर त्यो हदसम्म भने गएन । यस्ता क्षुद्र प्राणीको पछि लागेर किन आफ्नो इज्जत घटानु भन्ने सोच्दै मौन रहनु नै उचित ठान्यो । उसको मौनता देखेर भँगेरो सकसक झन् बढ्यो । त्यसैले कारण जान्न खोज्दै भन्यो-

'बोल्नुभएन नि महोदय ! मलाई सुन्नु भएन ? मानिसको जस्तै आकृतिको हुनुहुन्छ । घरै छैन होला भन्न त सक्दिन । किनकि मानिसहरू सबैले घर बनाएका हुन्छन् तर तपाई भने यस्तो जाडोमा पनि रुखको हाँगोमा बस्न आउनुभएको छ । कि अल्छी मानेर घर बनाउने विचार नगर्नु भएको हो ? यदि हो भने त राम्रो भएन है । हामी जस्ता पक्षी प्रजातिका प्राणी त गच्छे अनुसारको गुँड बनाएर बसेका छौँ । तपाईँ त झन् मानव प्रजातिका प्राणी । भो छाडौँ यी कुरा । अहिलेलाई यति भन्नुस् के सेवा गरौँ ।'

बाँदरलाई उसै त कुन कानमा सुन हुन बेर लागेन । ऊ यसै पनि रिसाइरहेको थियो त्यसमाथि भँगेराको नमागेको सुझाव सुन्नुपरेपछि के चाहियो र । उसले रिस थाम्न सकेन र बडो जान्ने भएर घरको कुरा गर्दो रहेछ, तँलाई त्यति बढी घरको घमन्ड रहेछ होइन पाजी ! लौ जा तेरो घर भन्दै जुरुक्क उठेर उसको गुँडै भत्काइदियो । उसको आफ्नो घर त यसै पनि थिएन नै । अर्काको घर पनि देख्न सकेन र भत्काइदियो । त्यसै दिनदेखि बाँदरले आफ्नो घर पनि बनाउँदैन अर्काको घर पनि भत्काउँछ भन्ने उखान चलन थाल्यो । अर्धाङ्गिनीको सल्लाह लत्याएर नमागिएको सल्लाह र सुझाव दिन जाँदा घरबार विहीन हुनुपरेकाले विचरो भँगेरो पुर्पुरोमा हात लगाएर बस्न लाग्यो । यो एउटा उदाहरण हो । आखिर जहाँ पनि नमागिएको कुराको सल्लाह र सुझाव दिन खोज्दा यस्तै अवस्था आउन सक्छ ।

*-रातोपाटी डटकम*

## वर्तमान शिक्षा



***विचन्द्र रायमाझी***
***"मुस्कान"***
***इस्मा-२ गुल्मी***

शिक्षा उसको देशमा पनि पाइन्छ
शिक्षा मेरो देशमा पनि पाइन्छ
फरक यत्ती हो
उसको देशको शिक्षामा ग्यारेन्टी हुन्छ
मेरो देशको शिक्षामा वारेन्टी हुन्छ ।।
शिक्षा उसको देशले पनि दिन्छ
शिक्षा मेरो देशले पनि दिन्छ
फरक यत्ती हो
उसको देशले गुणस्तरीय शिक्षा दिन्छ
मेरो देशले उच्चस्तरीय शिक्षा दिन्छ ।।
विद्यार्थी उसको देशमा पनि हुन्छन्
विद्यार्थी मेरो देशमा पनि हुन्छन्
फरक यत्ति हो
उसको देशका विद्यार्थी क्याम्पसमा पढछन्
मेरो देशका विद्यार्थी ईन्स्टिच्युटमा पढछन् ।।
शिक्षक उसको देशमा पनि हुन्छन्
शिक्षक मेरो देशमा पनि हुन्छन्
फरक यत्ति हो
उसको देशका शिक्षक विद्यालय जान्छन्
मेरो देशका शिक्षक सडकमा जान्छन् ।।
विज्ञान विषयको पढाइ उसको देशमा पनि हुन्छ
विज्ञान विषयको पढाइ मेरो देशमा पनि हुन्छ
फरक यत्ती हो
उसको देशमा विज्ञान पढ्ने विद्यार्थी बैज्ञानिक बन्छन्
मेरो देशमा विज्ञान पढ्ने विद्यार्थी शिक्षक बन्छन् ।।
परीक्षा उसको देशमा पनि हुन्छ
परीक्षा मेरो देशमा पनि हुन्छ
फरक यत्ती हो
उसको देशमा परीक्षा पछि रिजल्ट आउँछ
मेरो देशमा रिजल्ट आयो भन्दा फेरि परीक्षा आउँछ ।।
शैक्षिक प्रमाणपत्र उसको देशमा पनि बन्छन्
शैक्षिक प्रमाणपत्र मेरो देशमा पनि बन्छन्
फरक यत्ती हो
उसको देशको प्रमाणपत्रले रोजगारी बनाउन्छ
मेरो देशको प्रमाणपत्रले बेरोजगारी बनाउन्छ ।।
पुस्तक उसको देशमा पनि बन्छन्
पुस्तक मेरो देशमा पनि बन्छन्
फरक यत्ती हो
उसको देशको स्कुलमा पुस्तक पुगेपछि पढाइ हुन्छ
मेरो देशको स्कुलमा पढाइ सकिएपछि पुस्तक पुग्छ ।।
राम्रो शिक्षा उसको देशमा पनि हुन्छ
राम्रो शिक्षा मेरो देशमा पनि हुन्छ
फरक यत्ती हो
उसको देशको शिक्षाले विश्व बदल्छ
मेरो देशको शिक्षाले स्वयं आफू बदल्छ ।।

***(रायमाझी हाल त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा स्नातक प्रथम वर्षमा अध्ययनरत छन् ।)***

कथा — हेम गुरागाईं

# कोरिया पुऱ्याउने रातो टोपी र कुक्चे सिजाङ

***गरिब मुलुक कोरियाका युवाहरू अन्तर्राष्ट्रिय श्रम बजारमा काम गर्न गएका थिएह कसरी कोरियनहरू युद्धका घाउद्वारा व्यथित थिएह कसरी उनीहरू पश्चिम जर्मनीका खानी तथा अस्पतालहरूमा जोखिमपूर्ण कामहरू गर्थे भनेर दर्दनाक कथा देखाइएको छ । फिल्मको अन्त भने बडो सुन्दर छ, जसमा कोरियाको आजको भव्य विकास र झिलिमिली समृद्धि देखाइएको छ । प्रिय मित्र रामकृष्ण ! म कल्पना गर्न चाहन्छु, तिम्रो रातो टोपी तिम्रो कोठामा तिमीले चाहे जस्तै त्यसरी नै सम्झना बनेर झुन्डिइरहोस् र जब हामी बूढा हुनेछौं तिम्रो घरको छतमा बसेर कुनै दिन हुक्का तान्नेछौँ । र कुक्चे सिजाङ फिल्मको सुन्दर अन्त्य जस्तै हामी बूढा हुँदासम्म हाम्रो देशले पनि विकास र समृद्धिको सबैभन्दा उच्च शिखर चुमिसकेको होस् । अनि देशले फड्को मारेर हाम्रो यो रातो टोपीको आजको कथा व्यर्थ नगएको प्रमाणित भैसकेको होस् । र अन्तमा, त्यसो त ईपीएस कार्यालयले रातो टोपीसँगै ज्याकेट पनि त दिएको हुन्छ । किन टोपीको मात्रै लेख लेखेको ? किन ज्याकेट छुटाएको ? भन्नु होला । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कोरिया उड्न जम्मा भएको भीडमा म पनि उदास र हतप्रभ उभिएको थिएँ । ग्वार्को स्थित ईपीएस कार्यालयद्वारा उक्त टोपी लगाएर प्रस्थान गर्नु भन्ने निर्देशन दिइएको थियो त्यसैले सबैले टाउकोमा त्यही रातो टोपी लगाएका थिए ।***

जुलाईको उधुम गर्मी छ । काम गरिरहेको छु । सँगसँगै एउटा पङ्खा पनि काम गरिरहेको छ । त्यसको काम मलाई गर्मी हुन नदिनु हो । एउटा टेबल छ । त्यो पनि उक्त पङ्खालाई थाम्ने काम गरिरहेको छ । बाहिर सडकमा ट्रान्सफर्मर छ । कम्पनीभित्र विद्युत् पठाउने काम त्यसले गरिरहेको छ । कामको शृङ्खला यस्तै छ । मेरो तलब, भत्ता र बिमा छ । यी पङ्खा, टेबल र ट्रान्सफर्मरको केही पनि छैन । यिनीहरू एकै पटक सम्पूर्ण मूल्य तिरेर ल्याइएका छन् । मानव समाजको इतिहासमा एक काल खण्ड यस्तो पनि थियो जहाँ मानिसहरू दास थिए र यसरी नै एकै पटक सम्पूर्ण मूल्य तिरेर बेचिइन्थे 'वान शट पेमेन्ट' ।

होइन र ?

सोच्दै विस्मय लागेर आउँछ ।

कामको बीचमा टोपी फुकालेर एक छिनलाई पर राखेको छु र तालुलाई थोरै शीतलता प्रदान गरिरहेको छु । भर्खरै फुकालेर राखेको टोपीलाई यसो हेर्छु । टोपी खुइलिँदै गएको छ । टोपी मैलिँदै गएको छ । टोपीमा तेल र ग्रिजका टाटाहरू लागेका छन् । अहो ! यो कोरिया आउँदा ईपीएस ( रोजगार अनुमति प्रणाली) अफिसले दिएर पठाएको टोपी । एउटा रातो टोपी जसको चुच्चो माथिको अग्र भागमा नेपाल र दक्षिण कोरियाका राष्ट्रिय झन्डाहरू हात मिलाइरहे झैं गरी राखिएका छन् । जसले नेपाल र कोरिया बीचको मैत्रीपूर्ण सम्बन्ध दर्शाएको बुझिन्छ । टोपीले मलाई आफू कोरिया प्रस्थान हुँदाको दिन याद दिलायो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कोरिया उड्न जम्मा भएको भीडमा म पनि उदास र हतप्रभ उभिएको थिएँ । ग्वार्को स्थित ईपीएस कार्यालयद्वारा उक्त टोपी लगाएर प्रस्थान गर्नु भन्ने निर्देशन दिइएको थियो त्यसैले सबैले टाउकोमा त्यही रातो टोपी लगाएका थिए । मलाई भने एक किसिमको असहज महसुस भइरहेको थियो । मनमनै आफैसँग झिँजो मानिरहेको थिएँ । एक प्रकारको संकोचले छोइरहेको थियो । के हामी छिरबिरे जिउ र टाउका राता भएका अनौठा जातका कुखुराहरू हौं ? के ईपीएस अफिसले दियो भन्दैमा लाइहाल्नु पर्छ त ? म वाहियातमा आफैभित्र आन्दोलित हुँदै थिएँ । मैले उक्त टोपी कच्याककुचुक पारेर ह्यान्ड क्यारीको साइड खल्तीमा घुसारेँ र आखिर मैले त्यसैगरी झोलामै राखेर टोपीलाई कोरिया ल्याइपुऱ्याएँ ।

यसरी म आफ्नो समूहको ह्वबिअप क्जभभउ भएको थिएँ । वास्तवमा नढाँटी भन्ने हो भने मैले धेरै समयसम्म त्यो टोपीलाई बडो घृणाको दृष्टिकोणले हेर्दै आएको थिएँ । त्यो मेरो निम्ति अबदेखि तँ एउटा अन्तर्राष्ट्रिय मजदुर होस् भन्ने कुराको याद दिलाइरहने एक त्याज्य वस्तु सिवाय केही थिएन ।

बिदाको दिनको कुनै एउटा दिउँसो मेरा दुई अनन्य मित्रहरू सिन्धुपाल्चोकका राजन भण्डारी, काभ्रेका रामकृष्ण ढुंगाना र म बाहिर खाना खान भनेर निस्किएका थियौँ । त्यही बेला कुरै कुराको प्रसङ्गमा रामकृष्ण ढुंगानाले आफू कोरिया आउँदाको टोपी नलगाई त्यतिकै राखेको र पछि नेपाल लगेर आफ्नो कोठामा कतै सजाएर राख्ने कुरा गरे । उनले यही टोपीले गर्दा आफ्नो जिन्दगीमा आएको परिवर्तनको कथा बुढेसकालमा छोरानातिलाई सुनाउने इच्छा रहेको पनि बताए । उनको यो भावुक र मन छुने कुरा सुनेर पहिलो पटक मलाई त्यो टोपीको थोरै भए पनि माया लागेर आयो । त्यसपछि हो मैले कमसेकम काम गर्दा नै सही त्यसलाई लगाएर सदुपयोग गर्ने निर्णय गरेको । हो, केहीबेर अडिएर म अहिले यही टोपीलाई हेरिरहेको छु ।

तपाईहरूलाई लाग्न सक्छ जाबो टोपीको पनि लेख के लेखेको होला ?

पख्नुहोस्, यो टोपी अब त्यति सस्तो र सामान्य टोपी रहेन । ग्वार्कोमा ईपीएस परीक्षाको लागि आवेदन दिन नपाएर झडपमा मृत्यु हुने सुजन रावत र वीरेन्द्र साह भुल्नु भएको छैन नै होला । उनीहरूको लक्ष यही टोपी लाउने थियो । परीक्षा आवेदन दिएर, उत्तीर्ण भएर, यस्तै रातो टोपी लाएर कोरिया उड्ने उनीहरूको सपना थियो ।

अनि म जस्ता थुप्रै साथीभाइहरूले विश्वविद्यालयबाट ग्र्याजुएट हुँदा लाएको कालो टोपीभन्दा यै रातो टोपीको उपादेयता बेसी देखेर मास्टर्स ब्याचलर्सको सर्टिफिकेट देशमै थन्क्याएर यसलाई रोजेका छन् । नेपाल सरकारकै सिन्दूर लाएका थुप्रै कर्मचारीहरू समेत आर्थिक अभावले निधार चाउरिएपछि सिन्दूर पुछेर यै रातो टोपीलाई रोजेका छन् । अब बुझ्नुहोस् यो टोपीको गाम्भीर्यता ।

हो, यै टोपीले हो कोरिया पुऱ्याउने । यही टोपीको प्राप्तिको निम्ति आज वर्षेनी लाखको हाराहारीमा युवाहरू शहरका गल्ली गल्लीहरूमा रातबिरात कोरियन भाषा पढिरहेका छन् । कोरियन सिनेमा राम्ररी हेर्नेहरूलाई थाहा छ । एउटा कोरियन फिल्म छ कुक्चे सिजाङ भनेर जसको शाब्दिक अर्थ हुन्छ - अन्तर्राष्ट्रिय बजार । अंग्रेजीमा यसलाई Ode to my Father भनिएको छ । सलमान खान अभिनीत बलिउड फिल्म भारत यसै फिल्ममा आधारित रहेको छ । यस बहुचर्चित फिल्ममा कसरी गरिब मुलुक कोरियाका युवाहरू अन्तर्राष्ट्रिय श्रम बजारमा काम गर्न गएका थिएह कसरी कोरियनहरू युद्धका घाउद्वारा व्यथित थिएह कसरी उनीहरू पश्चिम जर्मनीका खानी तथा अस्पतालहरूमा जोखिमपूर्ण कामहरू गर्थे भनेर दर्दनाक कथा देखाइएको छ । फिल्मको अन्त भने बडो सुन्दर छ, जसमा कोरियाको आजको भव्य विकास र झिलिमिली समृद्धि देखाइएको छ । प्रिय मित्र रामकृष्ण ! म कल्पना गर्न चाहन्छु, तिम्रो रातो टोपी तिम्रो कोठामा तिमीले चाहे जस्तै त्यसरी नै सम्झना बनेर झुन्डिइरहोस् र जब हामी बूढा हुनेछौं तिम्रो घरको छतमा बसेर कुनै दिन हुक्का तान्नेछौँ । र कुक्चे सिजाङ फिल्मको सुन्दर अन्त्य जस्तै हामी बूढा हुँदासम्म हाम्रो देशले पनि विकास र समृद्धिको सबैभन्दा उच्च शिखर चुमिसकेको होस् । अनि देशले फड्को मारेर हाम्रो यो रातो टोपीको आजको कथा व्यर्थ नगएको प्रमाणित भैसकेको होस् । र अन्तमा, त्यसो त ईपीएस कार्यालयले रातो टोपीसँगै ज्याकेट पनि त दिएको हुन्छ । किन टोपीको मात्रै लेख लेखेको ? किन ज्याकेट छुटाएको ? भन्नु होला । त्यो चाहिँ मैले टोपीको लेखेँ अब तपाईं कोही कोरियामा यदि हुनुहुन्छ र लेख्ने गर्नु हुन्छ भने ज्याकेटको लेख तपाईको जिम्मामा । धन्यवाद !

*-साहित्यपोस्ट डटकम*

# सुनको मूल्य डेढ लाख नजिक

## पुग्यो प्रतितोला १ लाख ४९ हजार ८ सय



**पाल्पा,** साउन २/बुधबार नेपाली बजारमा सुनको मूल्यले हालसम्मकै उच्च रेकर्ड कायम गरेको छ । नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार प्रतितोलामा दुई हजार रुपैयाँले बढेर उच्च रेकर्ड कायम गरेको हो ।

मूल्य बढेर डेढ लाख नजिक पुगेको छ । महासंघका अनुसार छापावाला सुनको प्रतितोला मूल्य १ लाख ४९ हजार ८ सय कायम भएको छ । यो अघिल्लो दिनको तुलनामा २ हजार रुपैयाँ बढी हो । अघिल्लो दिन प्रतितोला १ लाख ४७ हजार ८ सय रुपैयाँमा कारोबार भएको थियो । त्यस्तै तेजावी सुनको मूल्य पनि २ हजार रुपैयाँले बढ्दै प्रतितोला १ लाख ४९ हजार १ सय रुपैयाँ कायम भएको छ । अघिल्लो दिन तेजावी सुनको मूल्य प्रतितोला १ लाख ४७ हजार १ सय रुपैयाँ कायम थियो । चाँदीको मूल्य भने घटेको छ । सो दिन चाँदीको मूल्य २० रुपैयाँले घट्दै प्रतितोला १ हजार ८ सय ५५ रुपैयाँमा कारोबार भईरहेको छ । अन्तर्राष्ट्रिय बजारमा पनि सुनको भाउले पुन: नयाँ रेकर्ड बनाएको छ । सुनको भाउले यतिबेला विश्व बजार नै तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

# मनाइयो मोहर्रम पर्व, रुपन्देहीमा दिइयो सार्वजनिक विदा



**बुटवल**, साउन २/इस्लाम धर्माबलम्बी मुस्लिम समुदायले विभिन्न धार्मिक कार्यक्रम गरी बुधबार मोहर्रम पर्व मनाएका छन् । रुपन्देहीसहित देशभरका मस्जिदमा विभिन्न धार्मिक अनुष्ठान र प्रवचन गरी पर्व मनाइएको हो ।

मुस्लिम मात्र होइन हिन्दू धर्मालम्बीले पनि ताजिया बनाई विधिवत रूपमा पूजाअर्चना गरेका छन् । मुस्लिम धार्मिक गुरु हजरत इमामे हुसैनको सम्झनास्वरुप मनाइने यो पर्वमा मुस्लिम धर्मगुरुको प्रतीकस्वरुप तहजियाको पूजा गर्ने प्रचलन रहेको छ । मुस्लिम समुदायले घर-घरमा स्थापना गरेका ताजिया सामूहिक रूपमा आज घर नजिकै रहेका कर्बलामा विसर्जन गर्छन् । मोहर्रमको अन्तिम दिन घरघरमा राखिएका ताजिया बोकेर स्थानीय कर्बलामा पुगी ताजिया सेलाएपछि मोहर्रम सकिन्छ । आफ्नो आर्थिक हैसियतअनुसार ताजिया स्थापना गरिने परम्परा भए पनि पछिल्ला केही वर्ष ठूलो ताजिया राख्ने अस्वस्थ प्रतिस्पर्धा देखिएको छ । हिन्दूलगायत अन्य धर्म समुदायले समेत मनाउन थालेपछि मोहर्रम पर्व धार्मिक सद्भावको रूपमा विकसित हुँदै गएको छ । भाकल गरी घरमा स्थापना गरिएको ताजियालाई पूजाअर्चना गर्नाले पारिवारिक सुख, समृद्धि तथा मनोइच्छा पूरा हुने विश्वास रहेको छ । मोहर्रमको अवसरमा रुपन्देहीका ५ स्थानीय तहमा भने बुधबार सार्वजनिक बिदा दिइएको थियो । यहाँका लुम्बिनी साँस्कृतिक नगरपालिका, कोटहीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, रोहिणी गाउँपालिका र सम्मरीमाई गाउँपालिकाले बिदा दिएका हुन । पालिकाका कार्यालय, मातहतका सम्पूर्ण वडा कार्यालय, शैक्षिक तथा स्वास्थ्य संस्थाहरुमा ( आकस्मिक तथा आवश्यक सेवाबाहेक) विदा दिइएको थियो । हजरत इमाम हुसेन इस्लामका पैगम्बर मुहम्मदका नाति थिए । उनले इस्लाम र मानवताको रक्षा गर्न आफ्नो परिवार र साथीहरूको बलिदान दिए । यिनै सहिदहरूको सम्झनामा ताजिया निस्कने गरेको छ । ताजियालाई सहिदहरूको प्रतीक मानिन्छ । ताजियासँगै जुलुस निकालिन्छ र त्यसपछि यो प्रतीकात्मक रूपमा विर्सजन गरिन्छ ।

मोहर्रमको १०औँ दिन आशुराको दिन र हुसेनको बहादुर बलिदानको सम्झना दिन हो । हिन्दू तथा मुस्लिम समुदायले समान रुपले मनाउने यो पर्व १० दिनको भए पनि मुख्य रूपमा चार दिन मनाइन्छ । केराको पात काटी गाड्ने, मोहर्रमको एक दिन पहिला बनाएको ताजिया बाहिर निकाली 'चौकी' बसाल्ने तथा अन्तिम दिन सम्बन्धित क्षेत्रको सम्पूर्ण तजिया एकजुट पारी स्थानीय कर्बलामा लागि विर्सजन गरेपछि मेलाको समापन हुने गर्दछ । हसन तथा हुसेनको प्रतीकस्वरुप बाँसको ढाँचामा विभिन्न रङ्गीचङ्गी कागज बेरी ताजिया बनाई त्यसको वरिपरि तासा, ढोल तथा मजिराजस्ता बाजा बजाई, झर्रा खेल्दै परिक्रमा गरे आफूले चिताएको मनकामना पूर्ण हुने विश्वासका साथ यो पर्व मनाउने गरिएको बताइन्छ । यस वर्ष यो पर्वको तजियालाइ बुधबार कर्बलामा विर्सजन गरी समापन गरिएको छ ।

खेलकुद समाचार

## नेपाललाई अवार्ड



**काठमाडौं,** साउन २/नेपालसहित ६ वटा देशले आईसीसी डेभलपमेन्ट अवार्ड पाएका छन् । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले प्रदान गर्ने अवार्ड अन्तर्गत नेपालले 'आईसीसी डिजिटल फ्यान इन्गेजमेन्ट अफ द इयर' अवार्ड जितेको हो ।

पछिल्लो वर्ष नेपाली क्रिकेट टिमका समर्थक उल्लेख्य रूपमा बढेका र फ्यानबेस फेसबुकलगायतका सामाजिक सञ्जालमा चार सय प्रतिशतभन्दा बढीको पहुँचमा पुगेको आईसीसीले जनाएको छ । यसअघि नेपालले यही विधामा एसिया क्षेत्रको अवार्ड जितेको थियो । घरेलु मैदानसहित विदेशमा भएका खेलमा नेपाली समर्थकको उपस्थितिले विश्वको ध्यान तानेको थियो । यस्तै 'आईसीसी डेभलपमेन्ट इनिसिएटिभ अफ द इयर'अवार्ड मेक्सिको क्रिकेट एसोसिएशनले, 'हन्ड्रेस पर्सेन्ट क्रिकेट फिमेल क्रिकेट इनिसिएटिभ अफ द इयर' अवार्ड ओमानले, 'आईसीसी एसोसिएट मेम्बर मेन्स पर्फमेन्स अफ द इयर 'अवार्ड नेदरल्यान्ड्सले, 'आईसीसी एसोसिएट मेम्बर वुमन्स पर्फमेन्स अफ द इयर 'अवार्ड यूएई र 'क्रिकेट फर गुड सोसल इम्प्याक्ट इनिसिएटिभ अफ द इयर' अवार्ड स्कटल्यान्डले जितेका छन् । एसोसिएट सदस्यले क्रिकेटको विकासका लागि गरेका प्रयासहरूलाई प्रोत्साहन गर्न आईसीसीले अवार्ड दिँदै आएको छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क : यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि. तानसेन, पाल्पा

०७५-५२१८६८, ५२१८६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com


अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक बढ्यो



**पाल्पा,** साउन २/नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकको बढेको छ । बुधबार नेप्से परिसूचक ५४ दशमलव ०४ अङ्कले बढेको हो । नेप्से बढेसँगै दुई हजार तीन सय ६४ दशमलव ६३ को विन्दुमा कायम भएको छ ।

बुधबार तीन सय छ कम्पनीको तीन करोड २० लाख ९५ हजार नौ सय ३७ किता शेयर एक लाख ४९ हजार छ सय ८१ पटक खरिदबिक्री हुँदा १२ अर्ब पाँच करोड ९२ लाख ६६ हजार एक सय १३ बराबरको कारोबार भएको हो । बुधबार व्यापार समूहको उपसूचक सबैभन्दा धेरै सात दशमलव ३० प्रतिशतले बढेको छ । सो अवधिको कारोबारमा सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिटिजन म्युचुअल फन्ड २ को सबैभन्दा धेरै नौ दशमलव ९० प्रतिशतले घटेको हो । सिङ्टी हाइड्रो इनर्जी लिमिटेडको सबैभन्दा धेरै २३ करोड ५५ लाख ८१ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा हिमाल दोलखा हाइड्रोपावर कम्पनीको १२ लाख २९ हजार आठ सय ८४ कित्ता सेयर किनबेच भएको छ ।


हार्दिक बधाई तथा शुभकामना







हाम्रा शुभेच्छुक एवं मित्र, विगत डेढ दशकदेखि पत्रकारिता क्षेत्रमा सक्रिय, मेहनती, लगनशील पत्रकार **रामचन्द्र रायमाझी** कैलाशनगर मिडिया प्रालिद्वारा प्रकाशित नवजनचेतना राष्ट्रिय दैनिक पत्रिकाको सम्पादक जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

प्रो.किशोर भट्टराई एवं कान्तिपुर स्टेशनरी तानसेन, पाल्पा सम्पर्क : ०७५-५२०९४९

प्रो.संगीता घिमिरे एवं पि.पि सप्लायर्स तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई